## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उप-दफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी लिटिल एन्जलस स्कूलले हङकङबाट खरिद गरेको तथा अमेरिकाको उडवार्ड एण्ड डिकिर्सन कम्पनीबाट उपहारस्वरूप प्राप्त गरेको निम्नलिखित मालसामानहरूको पैठारीमा लाग्ने भन्सार महसुल तथा बिक्रीकर पूर्णरूपले छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

| खरिद गरेको मालसामान | | मूल्य यू.एस. डलर |
|---|---|---|
| १. आई. वी. एम. परसनल कम्प्युटर एस. टी. | १ | १,००० |
| २. आई.वी.एम. कम्पाटेवल कम्प्युटर | १ | ८०० |
| ३. जिम्न्याष्टिक सामान | २ | २०० |
| **उपहारस्वरूप प्राप्त गरेको सामान** | | |
| १. एप्पल इ कम्पाटेवल कम्प्युटर | २ | |
| २. प्रयोग भएको क्यानन फोटोकपी | २ | |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खण्ड ३४, मिति २०४१।४।१, अतिरिक्ताङ्क १९ (ध) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको अनुसूची २ बमोजिम निकासीमा पूर्ण तथा परिमाणात्मक बन्देज लगाइएका वस्तु बाहेक नेपालमा उत्पादित अन्य सबै वस्तु बिना इजाजत स्वतः निकासी गर्न पाउने गरी सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव

६९२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आपूर्ति मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १४ को उपदफा (१) को प्रयोजनको लागि खण्ड ३६, मिति २०४३।१०।१९, संख्या ४२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना २ मा काठमाडौं जिल्लाको लागि मूल्य व्यवस्था अधिकृत तोकेकोमा सोको सट्टा जिल्ला न्यायाधिवक्ता तोकेको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मङ्गलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

693



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार